माई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शित्तली, इलाम

फो न: ०२७४१२२२२
वे वसाइट: maimun.gov.np
इमे ल: mainagarpalika@gmail.com
फे सब क पे ज:

कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च. नं.:

मिति : २०८२/१२/२३

## नदीजन्य पदार्थको विक्रीको लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८२/१२/२३

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) र यस माई नगरपालिकाको आन्तरिक आय संकलन सम्बन्धि कार्यविधि २०८० तथा नगरकार्यपालिकाको मिति २०८२/१२/१८ को निर्णय अनुसार यस नगरपालिकाको आइ.इ.इ प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खन्न गरी माई नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृदि कर दर्ता प्रमाणपत्र, आ.व २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमको शर्तहरुका अधिनमा रहि बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरीएको छ।

**तपशिल**

| सि.न. | सूचना न. | बोलपत्रको नाम | उत्खनन् परिमाण | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र VAT बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | MM/IR/02/082/83 | माई नगरपालिकाको माई खोला (वडा ०७) भित्र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदिजन्य पदार्थ संकलन तथा बिक्रि | १०९२०.०० घ.मि. (दश हजार नौ सय बिस घनमिटर ) | १७,५४,९०१.४२ (सत्र लाख चौवन्न हजार नौ सय एक र पैसा बयालीस मात्र ) | भ्याट सहित कबोल अंकको ५ प्रतिशत | १००० /- |

१. बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र समय २०८३/०१/०८, दिनको १२:०० बजे
२. बोलपत्र खोलिने मिति, समय र स्थान २०८३/०१/०८, दिउँसो १:०० बजे, न.पा. कार्यालय, सितली, ईलाम

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु**

१ फर्महरुको हकमा नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, मुल्य अभिवृदिकर दर्ता प्रमाणपत्र, आ.व २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, सानिमा बैंक शाखा कार्यालय, माईमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता न. ०५२०१००४००००१३ मा नगद (१०००.००) भौचर जम्मा गरी यस सुचना प्रथम पटक प्रकाश भएको मितिले १५ (पन्ध्र) दिन भित्र विद्युतिय माध्यमबाट बोलेपत्र पेश गर्न बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यलयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागतजातहरु अपलोड तथा डाउनलोड गर्न सकिने व्यवस्था रहेको छ। तोकिएको वोलपत्र दस्तुर यस कार्यलयको माथि उल्लेखित खाता न. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागतजात साथ संलग्न गर्नुपर्ने छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। आफुले कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम ७५ दिनको म्याद सहित यस कार्यलयको नाममा जारी भएको बोलपत्र जमानत (बिड बन्ड) इ बिडिङ डकुमेन्ट संगै सम्लग्न गर्नुपर्ने छ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजे यस कार्यालयमा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागतजातहरु पेश गर्ने अन्तिम दिनको १३.०० बजे विभिन्न कार्यलयका प्रतिनिधी, निर्माण व्यवसायी वा निजले तोकेका प्रतिनिधी हरुको रोहबरमा यस कार्यलयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधी बोलपत्र खल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाँधा पर्ने छैन।

५. प्रि-बिड बैठक मिति २०८२/१२/३० गते दिनको १२:०० बजे नगरपालिकाको कार्यालयमा हुनेछ ।ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न बस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको जमानत रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। विस्तृत जानकारी का लागि यस कार्यालयको वेबसाइट www.maimun.gov.np मा समेत हेर्न सकिने छ ।

नदीजन्य पदार्थहरु उत्खन्न, संकलन विक्री वितरण गर्ने शर्तहरु:

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थ घाटगद्दी स्थल तोकी निर्धारित स्थानबाट मात्र उत्खनन् तथा विक्री वितरण गर्नुपर्नेछ।

२. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् संकलन गरी घाटगद्दी क्षेत्रबाट विक्री वितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति वा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। सो निर्देशनको पालना गर्ने दायित्व सम्बन्धीत ठेकेदारको हुनेछ।

३. बोलपत्र स्वीकृत भएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको सम्पूर्ण रकम यस कार्यलयको बैंक खातामा पेश गर्नुपर्नेछ र फर्म आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको

चिरन्जिवी भट्टराई

नियमानुसार १३ प्रतिशत भ्याट रकम यस कार्यालयको नामबाट कर कार्यालयमा दाखिला गरि सो को भौचर यस कार्यलयमा बुझाउनुपर्नेछ। साथै कार्यालयलाई बुझाउनु पर्ने कबोल अंकमा कुनै छुटको व्यवस्था गरिएको छैन।

४. यस नगरपालिकाका नदीहरुको उत्खन्न क्षेत्र तथा उत्खन्न परिमाणका सन्दर्भमा स्थानिय सरकार संचालन ऐन २०७४ प्रदेश कानुन तथा वातावरणिय अध्ययन प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंगको रुपमा रहनेछ।

५. यस ठेक्का सम्झौतामा उल्लेख गरिएका क्षेत्र बाहेक नदीजन्य पदार्थको उत्खन्न, संकलन तथा बिक्री वितरणको कार्य गर्न पाइने छैन।

६. विक्री मूल्य वा दस्तुर,शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनुपर्नेछ। राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा ढाट राख्न पाइने छैन।

७. नेपाल सरकार तथा माई नगरपालिकालाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धीत निकायमा बुझाउनुपर्नेछ। सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुटै ठेकेदारले आफ्नो तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ।

९. विक्री मुल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सुची तालिका र शर्तहरु सहितको होर्डिङ बार्ड कर सङकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधरणले देख्ने गरी राख्नुपर्ने छ।

१०. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ।

१२. यस नगरपालिकाले बिक्री मुल्य वा शुल्क कर अशुल उपर गरिसकेको निर्माण सामग्रीमा पुन अर्को पालिकाले कर लगाउन पाउने छैन।

१३. प्रचलित ऐन बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुने संसोधन भएमा संसोधन बमोजिम सम्झौता कार्यन्वयन गर्नुपर्नेछ।

१४. ठेक्का संडकलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नुपर्नेछ। तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नपर्ने भएमा माई नगरपालिकाको पूर्व स्वीकृत लिएर मात्र राख्नुपर्ने छ।

संकलन केन्द्र राख्ने स्थान

| क्र.स. | ठेक्काको किसिम | संकलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

१५. आ.व २०८२/०८३ को लागि नदीजन्य सामग्री उत्खनन् ,सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्त्यमा शुन्य गर्नुपर्नेछ ।

१६. साधारण नदिजन्य पदार्थको बिक्री बापत नगरपालिकालाई बुझाउनुपर्ने विक्री शुल्कको विवरण देहायबमोजिम ढाँचामा राखिएको छ।

| क्षेत्र/ स्थान | वडा न. | अक्षांश | देशान्तर | लम्बाई | चौडाइ | उचाई | कबोल रकम ( भ्याट सहित ) |
|---|---|---|---|---|---|---|---|
| माई खोला | 7 | 26°46'29.49" | 87° 50' 52.35" | 455.00 मि | 40.00 मि | 0.60 मि | |

१७. सामान्य निर्माणमुखी नदिजन्य पदार्थ सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवको तथा रुपान्तरणकारी आयोजनालाई प्राथमिक्ता दिइनुपर्ने छ।

१८. नदिजन्य पदार्थहरुको उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पार्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन। स्थान

१९. ठेकेदारले यस सम्झौतामा उल्लेखित शर्तहरूको पुर्ण रुपमा पालना गर्नुपर्नेछ र सोको नियमित रुपमा नगरपालिकाबाट अनुगमन गरिनेछ। सो अनुगमनबाट तोकिएका शर्तहरु उल्लंघन गरेको पाइएमा कार्यालयले जुनसुकैबेला ठेक्का सम्झौता तोड्न सक्नेछ र सोबाट ठेकेदारलाई हानी नोक्सानी भएमा कार्यालय जिम्मेवार हुनेछैन ।

२०. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खन्न स्थलसम्म जानेबाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ। सो बापतको रकम नगरपालिका समक्ष दाबी गर्न पाइने छैन।

२१ साधारण निर्माणमुखी पदार्थ अखन्न र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्वन गरी ढुंगा, गिटी, बालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्नेछ।

२२. उत्खनन् गर्दा नजिक रहेको बस्ती, वन ,खोलानालाको किनारा घाटलाई कुनै हानी नोक्सानी नहुने गरी र सर्वसाधरण जनताको घरजग्गा, कुलो, वाँधमा क्षति नहुने गरी उत्खानन गर्नु पर्नेछ ।

२३. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैस्थल बाट दुवैतर्फ २०० मिटर भित्र निर्माण सामाग्रीहरु उत्खनन् गर्न पाइने छैन।

२४. मुख्य मार्गबाट बोल्डर ग्राभेल, बालुवा उत्खन्न गर्ने स्थानसम्म जाने आउने बाटो निर्माण कार्य गर्दा निजी जगामा पर्ने भए सम्बन्धीत जणाधनीको मन्जुरिनामा लिनुपर्ने छ र वन क्षेत्र भएमा वन कार्यालय सँग सम्पर्क र समन्वय रा खी ठेकेदारले बाटो निर्माण गर्नुपर्ने छ।

२५. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि मिति २०८३ जेष्ठ मसान्तसम्म विहान (०६:००) देखि बेलुका (०६:००) सम्म वा माई नगरपालिकाले निर्धारण गरे बमोजिम सम्म मात्र उत्खन्न तथा सङकलन को समय अवधी हुनेछ।

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

२६. उत्खनन् तथा संकलन कार्यमा हेभी इक्युभमेन्ट प्रयोग गर्नु परेमा नगर कार्यापालिकाको सहमति लिएर प्रयोग गर्ने सकिने छ।

२७. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालबस्तु उठाई अन्यन्त्र लगी स्टक गरेको पाइएमा यस्तो मालबस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानबाट ठेकेदारले उठाउन सक्नेछ।

२८. उत्खन्न गर्ने स्थानमा खटिने कामदार तथा कर्मचारीको सुरक्षा सामग्री तथा औजार ठेकेदार स्वयमले गर्नुपर्ने छ।

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत